# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

### सूचना तथा प्रकाशन शाखा

**प्रदेश तथा स्थानीय तहका विभिन्न सेवा, समूहका अप्राविधिक/प्राविधिक तर्फका पदहरूको**

## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं.: ९/०७७-७८**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था अनुसार प्रदेश र स्थानीय तहमा रिक्त भएका पदहरूको माग फाराम प्राप्त भएको हुँदा आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको वेवसाइटबाट दरखास्त फाराम Download गरी आवश्यक शैक्षिक योग्यता लगायतका कागजातहरू रेकर्ड फाइलमा राखी फाइलको आवरणमा सबै विवरण खुलाई तोकिएको राजश्व खातामा राजश्व बुझाएको सक्कल भौचरसहित तोकिएको स्थानमा आवेदन फाराम दर्ता गराउनु पर्नेछ । प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकता क्रम अनुसार प्रदेश तथा स्थानीय तह तोकी सिफारिस गरिनेछ । यसरी सिफारिस भएका उम्मेदवारलाई सम्बन्धित प्रदेश तथा स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन् । सेवाका सर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा**

| सि.नं. | विज्ञापन नं. | स्थानीय तह | सेवा | समूह | तह | पद | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| अप्राविधिक तर्फ | | | | | | | |
| १ | २०१/०७७-७८ | थाक्रे गाउँपालिका, धादिङ्ग | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| २ | २०२/०७७-७८ | धुनिवेशी नगरपालिका, धादिङ्ग | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ३ | २०३/०७७-७८ | त्रिपुरासुन्दरी गाउँपालिका, धादिङ्ग | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ४ | २०४/०७७-७८ | तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ५ | २०५/०७७-७८ | मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ६ | २०६/०७७-७८ | भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ७ | २०७/०७७-७८ | जिरी नगरपालिका, दोलखा | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ८ | २०८/०७७-७८ | गौरीशंकर गाउँपालिका, दोलखा | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ९ | २०९/०७७-७८ | तारकेश्वर गाउँपालिका, नुवाकोट | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १० | २१०/०७७-७८ | ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| ११ | २११/०७७-७८ | बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १२ | २१२/०७७-७८ | भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १३ | २१३/०७७-७८ | बागमती गाउँपालिका, ललितपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १४ | २१४/०७७-७८ | इच्छाकामना गाउँपालिका, चितवन | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १५ | २१५/०७७-७८ | माडी नगरपालिका, चितवन | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १६ | २१६/०७७-७८ | खैरहनी नगरपालिका, चितवन | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १७ | २१७/०७७-७८ | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १८ | २१८/०७७-७८ | भीमफेदी गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| १९ | २१९/०७७-७८ | थाहा नगरपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| २० | २२०/०७७-७८ | कैलाश गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | २ |
| २१ | २२१/०७७-७८ | बागमती गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| २२ | २२२/०७७-७८ | उमाकुण्ड गाउँपालिका, रामेछाप | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |
| २३ | २२३/०७७-७८ | खाँडादेवी गाउँपालिका, रामेछाप | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौथो | १ |

| सि.नं. | विज्ञापन नं. | स्थानीय तह | सेवा | समूह | तह | पद | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| **प्राविधिक तर्फ** | | | | | | | |
| १ | ७०१/०७७-७८ | थाक्रे गाउँपालिका, धादिङ्ग | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| २ | ७०२/०७७-७८ | धुनिवेशी नगरपालिका, धादिङ्ग | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ३ | ७०३/०७७-७८ | तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ४ | ७०४/०७७-७८ | मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | २ |
| ५ | ७०५/०७७-७८ | भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ६ | ७०६/०७७-७८ | कालिञ्चोक गाउँपालिका, दोलखा | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ७ | ७०७/०७७-७८ | गौरीशंकर गाउँपालिका, दोलखा | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ८ | ७०८/०७७-७८ | सूर्यगढी गाउँपालिका, नुवाकोट | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ९ | ७०९/०७७-७८ | तारकेश्वर गाउँपालिका, नुवाकोट | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १० | ७१०/०७७-७८ | ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ११ | ७११/०७७-७८ | बाह्रबिसे नगरपालिका, सिन्धुपाल्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १२ | ७१२/०७७-७८ | बागमती गाउँपालिका, ललितपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १३ | ७१३/०७७-७८ | भरतपुर महानगरपालिका, चितवन | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | ५ |
| १४ | ७१४/०७७-७८ | इच्छाकामना गाउँपालिका, चितवन | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १५ | ७१५/०७७-७८ | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | २ |
| १६ | ७१६/०७७-७८ | भीमफेदी गाउँपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १७ | ७१७/०७७-७८ | थाहा नगरपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १८ | ७१८/०७७-७८ | बागमती गाउँपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १९ | ७१९/०७७-७८ | उमाकुण्ड गाउँपालिका, रामेछाप | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| २० | ७२०/०७७-७८ | मरिण गाउँपालिका, सिन्धुली | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| २१ | ७२१/०७७-७८ | भरतपुर महानगरपालिका, चितवन | इञ्जि. | सर्भे | ४ | अमिन | ५ |

**आवश्यक न्यूनतम् शैक्षिक योग्यता (आन्तरिक, खुला तथा समावेशीको लागि):**

**प्रशासन/सामान्य प्रशासन,लेखा/सहायक चौथो:-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तीमा "सी" ग्रेड प्राप्त गरेको"

**इञ्जिनियरिङ्ग/सिभिल/स्यानिटरी/खा.पा.स.टे.:-**"मान्यता प्राप्त शिक्षण संस्थबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी वा एस.ई.ई परीक्षामा कम्तीमा "सी" ग्रेड प्राप्त गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा २ वर्षको अनुभव प्राप्त वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस.ई.ई. मा कम्तीमा "सी" ग्रेड प्राप्त"

**इञ्जिनियरिङ्ग/सर्भे/अमिनः-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम उत्तीर्ण गरेको"

**इन्जिनियरिङ्ग/सिभिल/असिष्टेण्ट सब इञ्जिनियरः-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस.ई.ई. मा कम्तीमा "सी" ग्रेड प्राप्त"

**इन्जिनियरिङ्ग/सिभिल/ल्या.टे.:-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ्ग तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई एस.ई.ई मा कम्तीमा "सी" ग्रेड प्राप्त"

**कृषि/प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग/नायब प्राविधिक सहायक वा सो सरहः-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टि.ए.(कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा कम्तीमा "सी" ग्रेड वा टि.एस.एल.सी. उत्तीर्ण"

**कृषि/भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट/नायब प्राविधिक सहायक वा सो सरहः-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी वा एस.ई.ई. मा न्यूनतम "सि" ग्रेड प्राप्त गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण"

**विविध सेवा/सहायक महिला विकास निरीक्षक**-"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त"

**विविध/सहायक कम्प्युटर अपरेटरः-** "मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण वा एस.ई.ई मा कम्तिमा "सी" ग्रेड प्राप्त। **वा** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त **वा** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी वा एस.ई.ई. मा कम्तिमा "सी" ग्रेड प्राप्त गरी विज्ञापन तथा प्रविधि मन्त्रालय Semi Skilled Man Power को लागि सञ्चालित ती महिनाको कम्प्युटर तालिम प्राप्त"

**स्वास्थ्य सेवा/पब्लिक हेल्थ नर्सिङ्ग/क.न./अ.न.मि.:-** "मान्यता प्राप्त संस्थाबाट अ.न.मि. कोर्स उत्तीर्ण"

**स्वास्थ्य/हेल्थ इन्सपेक्सन/अ.हे.ब..:-**"मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब .वा सिएम.ए .कोर्ष उत्तीर्ण"

**स्वास्थ्य सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूह/ ल्याव असिष्टेन्टः-**"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी ल्याव असिष्टेण्टको एक वर्षको कोर्ष उत्तीर्ण"

## खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

१. एक सेवा समूहको लागि संयुक्त र एकीकृत परीक्षा प्रणाली (Integrated & Unified examination system) को आधारमा परीक्षा सञ्चालन गरिनेछ ।

२. छुट्टाछुट्टै शैक्षिक योग्यता भएका सेवा, समूहका पदहरूमा उम्मेदवार हुन चाहने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता मिल्ने सेवा, समूह अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । उम्मेदवारले आफू उम्मेदवार हुन चाहेको सेवा, समूहहरूको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्रमाणित हुने सबै प्रमाणपत्रहरूको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. न्यूनतम शैक्षिक योग्यताको मूल विषय अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४. खुला तथा समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

५. लिखित परीक्षाबाट सफल उम्मेदवारहरूको कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता कार्यक्रम नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गरिनेछ ।

६. प्रदेश र स्थानीय तहका लागि विज्ञापन भएका समान शैक्षिक योग्यता निर्धारण भएका समान तह, सेवा, समूह, उपसमूह, पदहरूको परीक्षा एकै मिति र एकै समयमा संयुक्त रुपमा सञ्चालन हुनेछ ।

**द्रष्टव्य :**

१. दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरू{(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाापत्र, तालिम/अनुभवको प्रतिलिपि चाहिने भए उक्त प्रतिलिपि एवम् दरखास्त दस्तुर बुझाएको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । उम्मेदवारले गर्नुपर्ने दस्तखत, रेखात्मक सही (लयाप्चे) र प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ ।

२. दरखास्त दिने अन्तिम मितिसम्ममा सेवा, समूह सम्बन्धी प्रचलित कानून अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । स्थायी बहालबाला सरकारी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

४. नि.से.ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

५. आयोगद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा तोकिए बमोजिमको न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिए बमोजिमको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

६. दरखास्त फाराम आयोगको Website: ppsc.bagamati.gov.np बाट Download गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण रेकर्ड फाइलको आवरण पृष्ठमा विज्ञापन नम्बर, तह, पद, सेवा, समूह, उपसमूह, समावेशी समूह र उम्मेदवारको नाम, थर तथा सम्पर्क नम्बर समेत उल्लेख गरी आवश्यक कागजात सहित दरखास्त बुझाउनु पर्नेछ ।

७. खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची ५ बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

८. प्रदेश र स्थानीय तहका लागि विज्ञापन भएका समान तह, सेवा, समूह, उपसमूहका पदहरूको लागि आवेदन गर्दा छुट्टाछुट्टै फाराम भर्नु पर्नेछ ।

९. समावेशी समूहभित्र फाराम भर्ने उम्मेदवारहरूले विज्ञापन अनुसारका प्रत्येक समावेशी समूहका उम्मेदवारहरूका लागि दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नु पर्नेछ । यसरी भरिएका उम्मेदवारहरूको रोल नम्बर र प्रवेश पत्र एउटै हुनेछ ।

१०. पाठ्यक्रम आयोगको Website बाट प्राप्त गर्न सकिनेछ ।

११. स्थायी वहालवाला कर्मचारीले समान पदमा दरखास्त दिन पाउने छैन ।

१२. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

१३. प्रस्तुत विज्ञापनका लागि पदसङ्ख्या निर्धारण गर्दा लोक सेवा आयोगद्वारा मिति २०७६।०२।१५ मा प्रकाशित सूचना अनुसार स्थानीय तहहरूमा बढुवा पदपूर्तिका लागि निर्धारण भएको पदसमेतलाई थप गरी पदसङ्ख्या कायम गरिएको छ ।

१४. यस सूचना बमोजिम पदपूर्ति गरिने जेष्ठता तथा कार्यसम्पादन, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी पदहरूको सेवा, सर्त र सुविधा कर्मचारी सेवा सर्त सम्बन्धी प्रदेश र स्थानीय कानून तर्जुमा भएपछि सोही बमोजिम हुनेछ ।

१५. यस सूचना बमोजिम तोकिएको माग पदको सङ्ख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ ।

**समावेशी तर्फका उम्मेदवारहरूले पेश गर्नु पर्ने थप कागजातहरू:-**

१. समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरूले निजामती सेवा नियमावली, २०५० (सातौं संशोधन) को नियम १४ मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरू समेत पेश गर्नु पर्नेछ ।

२. आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

३. दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

४. अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित गरेको आधारमा,
मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

५. पिछडिएको क्षेत्रका हकमा ऐनको दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित पालिकाबाट विज्ञापन भएको मिति पश्चात् हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।